# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २८ गते २०३९ साल

श्री ५ को सरकार

शिक्षा तथा संस्कृति मन्त्रालयको

### सूचना

श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पञ्चायतको तेत्तीसौं अधिवेशनलाई सम्बोधन गरिबक्संदा "आयोजनाहरूको सञ्चालन तथा विकेन्द्रीकरणको निम्ति टेवा पुऱ्याउने सन्दर्भमा मेरो सरकारले जनसहभागिता जुटाई आत्मनिर्भर हुन सकून् भन्ने उद्देश्यले विद्यालयहरूलाई दिइने आर्थिक अनुदान सम्बन्धित सञ्चालक समितिलाई अनुदानको रूपमा दिइनेछ" भनी हुकुम बक्स भएको व्यहोरा सर्वविदितै छ। शिक्षाको विस्तार र विकासको निम्ति श्री ५ को सरकारबाट विशेष रूपमा प्रयास भै आएको छ। शिक्षाको विस्तारको साथै गुणस्तरमा पनि जोड दिइएको छ। शैक्षिक क्षेत्रमा कार्यरत सम्पूर्ण शिक्षक, शिक्षिकाहरूको सेवाको सुरक्षाको साथै अन्य विभिन्न सुविधाहरू एवं तालीमको व्यवस्था गरिएको छ। शिक्षा क्षेत्रमा बढी मात्रामा जनसहभागिता जुटाउनको लागि आवश्यक व्यवस्था गर्न विगत वर्ष शिक्षा नियमावलीमा आवश्यक संशोधन गरी अधिकार सम्पन्न सञ्चालक समितिको गठनको व्यवस्था गरेपछि उत्साहजनक रूपमा जनसहभागिता जुटि-रहेको तथ्य सबैको सामु छ। स्थानीय विकास आयोजनाहरूको निमित्त साधनको परिचालन, विनियोजन र सन्तुलित वितरणमा व्यापक जनसहभागिता जुटाउन हालै विकेन्द्रीकरण ऐन,



५८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०३६ जारी भएको छ। अतः स्थानीय तहमा गठित सञ्चालक समिति र विद्यालयहरूको सुमधूर सम्बन्ध अझ सुदृढ भै अध्ययन अध्यापनको कार्य बढी अनुशासित तथा गुणस्तरयुक्त हुन सकोस् भन्ने पवित्र उद्देश्यबाट यही शैक्षिक सत्र (वर्षे बिदा हुने ठाउँमा पौष महीना र हिउँदे बिदा हुने ठाउँमा फागुन महीना) देखि साबिकमा विद्यालयहरूलाई दिई आएको अनुदान अब सबै तहका विद्यालयका सञ्चालक समितिलाई एकमुष्ट आर्थिक अनुदानको रूपमा दिने श्री ५ को सरकारले निर्णय गरेको छ।

शिक्षाको क्षेत्रमा समर्पित सम्पूर्ण शिक्षक शिक्षिकाहरूको सेवाको सुरक्षा एवं अन्य सुविधाहरू प्रदान गर्ने सम्बन्धमा श्री ५ को सरकारले सदैव न्यायोचित कदम चाली आएको छ। अब उप्रान्त विद्यालयको भौतिक विकासको साथै शिक्षकहरूको सुविधा र विद्यालयसम्बन्धी अन्य कुराहरू समेत सञ्चालक समितिले नै हेर्ने भएकोले साबिकमा विद्यालयले पाई आएको रकममा यस पटक थप गरी अधिराज्यका सबै विद्यालयका सञ्चालक समितिहरूलाई एकमुष्ट अनुदान दिइनेछ।

शिक्षाको गुणस्तरमा समयानुकूल अभिवृद्धि गराउँदै लैजानु पर्ने उत्तरदायित्व प्रति पनि उत्तिकै सजग तथा वचनवद्ध रहनु जरूरी छ। शिक्षा क्षेत्रमा बढ्दै गएको लगानी-लाई दृष्टिगत गर्दा विद्यालयहरूको शैक्षिक वातावरण स्वस्थ एवं अनुशासित रही शिक्षाको गुणस्तर वृद्धि हुन सकेमा मात्र लगानी गरिएको राजस्वको ठूलो राशिको सदुपयोग भएको मान्न सकिने हुनाले शिक्षाको गुणस्तर कायम गर्न नसक्ने विद्यालयहरूलाई दिइने अनुदान घटाउने वा रोक्का गर्ने वा विद्यालयको स्वीकृति नै खारेज गर्ने जस्तो कार्य यही शैक्षिक वर्षदेखि कडाइकासाथ लागू गरिने व्यहोरा पनि सबैलाई जानकारी गराइन्छ।

आज्ञाले,

डा. नरसिंह नारायण सिंह

श्री ५ को सरकारको का. मु. सचिव

५८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।